# आर्थिक वर्ष २०७४/ ७५ को

# बजेट

पौवादुङ्मा **गाउँपालिका**

**च्याङ्ग्रे, भोजपुर**

**१ नं. प्रदेश, नेपाल**

श्रीमान् सभाध्यक्ष महोदय,
गाउँसभाका सदस्यज्यूहरु,
सम्पूर्ण अतिथी गण,
र उपस्थित महानुभावहरु ।

सर्वप्रथम, नेपालको इतिहासमै पहिलोपटक सबैभन्दा बढी अधिकार स्थानीय क्षेत्रमा आउने गरी सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचन पश्चात् बस्दै गरेको पौवादुङ्मा गाउँपालिकाको गाउँसभाको प्रथम अधिवेशनको पहिलो बैठकमा उपस्थित हुनु भएका निर्वाचित गाउँसभाका सम्पुर्ण सदस्यज्युहरु लाई हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको इतिहासका विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त वर्तमान स्वाधीन नेपालको स्थानीय सरकारको रुपमा रहेको यस पौवादुङ्मा गाउँपालिकाको गरिमामय प्रथम गाउँसभामा समग्र आयव्ययको विवरण (बजेट) प्रस्तुत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महसुस गरेकी छु । साथै वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

करिब २० वर्ष लामो समय सम्म जनप्रतिनिधिविहीन अवस्थामा समेत जनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र बजेट बनाउन काममा सहयोग गर्न अहोरात्र खट्नुभएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

भोजपुर जिल्लाको पूर्वी भुभागमा अवस्थित करीव ११८ वर्ग किलोमिटर क्षेत्रफल भएको पौवादुङ्मा गाउँपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथसाथै चुनौतिहरु पनि विद्यमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वियनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुत नेपालको संविधान, ऐन कानून, मन्त्रालयहरु बाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रम छनौट गरी बजेट तर्जुमा गरेका छौँ ।

**आदरणीय महानुभावहरु,**

अव, म आगामी आ.व. २०७४/ ७५ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७४/ ७५ को गाउँपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, चौधौं आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस पौवादुङ्मा गाउँपालिकाको बस्तुगत आवश्यकतालाई मुख्य आधार बनाइएको छ ।

**पौवादुङ्मा गाउँपालिकाले आ.व. ०७४/७५ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु:-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपाको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु

- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- पौवादुङ्मा गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**<u>योजना/ आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>**

१) यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।
२) उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
३) आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुर्‍याउने ।
४) छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
५) पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
६) स्थानीय स्रोत-साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।
७) प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
८) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।
९) वातावरण संरक्षण र दिगो विकासमा टेवा पुर्‍याउने ।
१०)गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
११)लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

हामीले यस आ.व. २०७४।७५ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**पौवादुङ्मा गाउँपालिकका समस्टिगत नीतिहरुः**

- हाम्रो विकासको चाहना र जनभावना अनुरुप पौवादुङ्मा गाउँपालिका बासी जनताको आर्थिक समृद्धिका लागि पाँच वर्षसम्म हामीहरुले तय गर्ने योजना, आयोजनाहरुको यो प्रथम आधार बजेटको रुपमा यो बजेट कार्यक्रम प्रस्तुत गरिएको छ ।
- विकास निर्माणमा हुने ढिलासुस्ती र प्रकृयागत झन्झटलाई अन्त्य गर्न नसकेको खण्डमा हामी लक्ष्यमा पुग्न कठीन हुने यथार्थलाई आत्मसाथ गर्दै यस आ.व. देखि गुणस्तरीय विकास निर्माण र द्रुत कार्यसम्पादन मापदण्डको व्यवस्था गरी दण्ड र पुरस्कारको नीति लिइनेछ ।
- पुर्वाधार विकास, शिक्षा , स्वास्थ र रोजगारमैत्री कार्यक्रममार्फत जनताको जीवन स्तरमा सुधार गर्नेगरी यो परिकल्पनाको साथ प्रस्ताव गरेको छु ।
- भौगोलिक विकटता र परनिर्भरताको बजार हाम्रो गाउँपालिकाको चुनौति हो । यसलाई मध्यनजर गर्दै एकिकृत बस्ती निर्माण कार्यक्रम तथा एक गाउँ एक उत्पादन कार्यक्रममार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि सम्भाव्यता अध्ययन गर्न र समृद्धिको आधार तय गरिनेछ ।
- हाम्रो पौवादुङ्मा गाउँपालिकाको भौगोलिक विकटता पुर्वाधारको कमीलाई मध्यनजर गर्दै यसलाई समस्याग्रस्त गाउँपालिका होइन सम्भावनायुक्त गाउँपालिका बनाउने लक्ष्यका साथ प्रत्यक्ष जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकतामा राख्दै आर्थिक अनुशासन र पारदर्शिता सहितको हाम्रो गाउँ राम्रो बनाउँ कार्यक्रम लाई सुरु गरिनेछ ।
- प्राकृतिक स्रोत साधन र मानव संशाधनलाई अधिकतम उपयोग गर्दै उत्पादन र रोजगारीको क्षेत्रमा एउटा स्पस्ट गुरुयोजना बनाउने गरी कार्यक्रम ल्याइनेछ ।
- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।

- यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै सिगों राष्ट्रकै ऐतिहासिक पहिचान बोकेको श्यामशिलाको अरुण डाँडालाई पर्यटकीय एवं पिकनिक स्पोटको रुपमा बिकास गर्न आवश्यक भौतिक पूर्वाधार लगायतका कामहरु गरिनेछ , च्याङ्ग्रे पोखरी पुन निर्माण र माथि रहेका तिनवटा डाँडाहरुमा भ्यू टावर पार्क र रिसोट लगायत का पूर्वाधार बिकास गरि आकर्षणको केन्द्र बनाईने छ , तिवारीभन्ज्याङको चियाचुङ डाँडालाई प्रटकिय स्थलको रुपमा बिकास गरिनेछ । झारेलि गुफा ,सितला देबिथान ,छ्याङ्ग्री कोटगढी भातेढिकुरा , जाल्पा ,पन्चकन्या ,शिवालय मन्दिर औलिया , किराँति साकेवाथान चारढुङ्गे मन्दिर दुङमा गढी दिदीबहिनि डाँडा जस्ता क्षेत्रलाई पर्यटकिय स्थलको रुपमा विकास गरिने छ । पर्यटकिय सम्भावना बोकेका अन्य क्षेत्रहरुको पहिचान, विकास तथा सम्बद्र्धन गरिने छ । धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, गुम्बा, चर्च, नदि नाला, बनजगंल आदिको संरक्षण एवं सम्बद्र्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।
- यस पौवादुङमा गाउँपालिका क्षेत्रमा प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने नीति अबलम्बन गर्दै सीसा, प्लास्टिक जस्ता नकुहिने फोहोर पदार्थलाई नवीकरण गर्न उद्योगसम्म पुर्याइनेछ ।

**आर्थिक विकास सम्बन्धी नीतिहरु**

- पशुपालन र कृषिको लागि कृषि अनुसन्धान केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- रोजगारीको लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रम तय गरिनेछ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइन्छ ।
- उत्पादनमुलक रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम र आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।
- पौवादुङमा गाउँपालिकाका २,३,४,५ र ६ नं वडालाई सुक्खा ग्रस्त क्षेत्र घोषणा गर्न कार्यक्रम अगाडी बढाईनेछ ।

**भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु**

- यस पौवादुङमा गाउँपालिकाका प्राय सबै वडाहरु र बस्तीहरुमा खानेपानिको असुविधाहरुलाई मध्यनजर गर्दै खानेपानिलाई मुख्य प्राथमिकता राखी निकट भविष्यमा सबै नागरिकलाई खानेपानिको एकघर एकधारा पानि पुर्याउने नीति लिइने छ ।
- जलश्रोत सिचाइ र विद्युतको लागि ठूला परियोजना संचालन गर्ने सम्भावना अध्ययन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्युतीकरण गाउँ पालिकाका सबै वडाहरुमा ५ वर्षभित्र विद्युत सेवा उपलब्ध गराइनेछ।

**सामाजिक विकास सम्बन्धी नीतिहरु**

- गाउँपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री उपलब्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयंसेवकले पुर्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गरिने नीति लिईएको छ ।
- स्थानीय भाषा संरक्षण सम्बर्धन गर्ने नीति लिइएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवद्धन गर्न महिला, वालवालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण र मूलप्रवाहीकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सरोकारवाला निकायसंगको साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।
- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।
- प्रत्येक वडामा १/१ वटा विद्यालय नमूना विद्यालयको सम्भाव्यता अध्ययन गरिनेछ ।
- एक २५ शैयाको अस्पतालको निर्माणको लागि आवश्यक पुर्वाधार मिलाउने योजना तयार गरिनेछ।

- शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएका लगानीले स्वस्थ शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलब्धीलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा संचालित कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति**

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पुर्वसुरक्षा, व्यवस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक रुपमा संचालन गरिनेछ ।
- वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ । वनक्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपुर्ण वनस्पति तथा जडिबुटीको प्रशोधनमा नीजि तथा सामुदायिक संस्थालाई सहभागी बनाइनेछ ।

**संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति**

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन सुचना प्रविधिको उपयोग गरिनेछ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरण सफ्टवेयर वनाई अपलोड गरिनेछ ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरिनेछ
- गाउपालिकाको पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माण गरी गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ । सोको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ । र भष्ट्रचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिकाको समृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुनसक्ने लाभ अवसर र संभावनालाई खोजी गरि यस क्षेत्रमा संख्यात्मक र गुणात्मक वृद्धि गरिनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालनविना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन । गाउँपालिका घोषणासगै राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको छ । साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।
- प्राकृतिक स्रोतको उपयोग र निकासीमा वढ्दो चुहावट नियन्त्रण गर्न जिल्ला समन्वय समितिसँग समन्वय गरिनेछ । स्थानीय समुदाय एवं स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा अनुगमनलाई तिव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- आत्म निर्भर गाउँपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्धति अवलम्वन गरिनेछ । नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ ।

**बजेट तथा कार्यक्रम**

सर्वप्रथम म यस गाउँपालिकाको गत आ.ब. ०७३/७४ को आयव्यवको अवस्था प्रस्तुत गर्दछु ।

**आयतर्फः-** यस गाउँपालिकालाई गत आ.ब.मा चालुतर्फ रु. बीस लाख र पूँजिगततर्फ रु. असी लाख रुपैया गरी जम्मा रु. एक करोड बजेट नेपाल सरकारबाट प्राप्त भएको थियो ।

**व्ययतर्फः- पूँजिगत**

| खर्च/बित्तीय शीर्षक | अन्तिम बजेट | अषाढ महिना सम्मको खर्च | बाँकी बजेट | कैफियत |
|---|---|---|---|---|
| घर वाइरीङ | ३२०००००.०० | १२६५००.०० | ०.०० | |
| सोलार खरीद(लोटस) | | ४९२२००.०० | ०.०० | |
| घर मर्मत | | १२८०००.०० | ०.०० | |
| खानेपानी व्यवस्थापन | | ५३८६७.०० | ०.०० | |
| गेष्टरुम व्यवस्थापन | | ४८७४०.०० | ०.०० | |
| कार्पेट फर्निचर | | ९७०९५१.३८ | ०.०० | |
| मेसिनरी सामानहरु | | ८३०४४८.९५ | ०.०० | |
| मटरसाइकल तीरुपाती | | २१३९००.०० | ०.०० | |
| ढुवानी र हार्डवेरका सामान | | १२२३००.०० | ०.०० | |
| रोष्टम | | १९८००.०० | ०.०० | |
| जम्मा | ३२०००००.०० | ३०,०६,७०७.३३ | १,९३,२९२।६७ | |

पूजिँगततर्फ बाँकी रकम रु. १,९३,२९२।६७+ रु ४८ लाख गरी जम्मा रु. ४९,९३,२९२।६७

**चालुतर्फ व्यय:-**

| खर्च/बित्तीय शीर्षक | अन्तिम बजेट | खर्च | बाँकी बजेट |
|---|---|---|---|
| तलब | ५,००,०००.०० | ३,३१,१४०.०० | १,६८,८६०.०० |
| अन्या भत्ता | २०१००.०० | २०१००.०० | ०.०० |
| पोशाक | १५०००.०० | ७५००.०० | ७५००.०० |
| पानी तथा बिजुली | १५०००.०० | ११५००.०० | ३५००.०० |
| संचार महशुल | ४००००.०० | ३०७६२.०० | ९२३८.०० |
| अवासब्यवस्थापन | ८०००.०० | ५२९५.०० | २७०५.०० |
| इन्धन | १०००००.०० | ६४८८८.५० | ३५१११.५० |
| कार्यालय सम्बन्धी खर्च | ६०००००.०० | ५९६४०४.०० | ३५९६.०० |
| कर दाखिला | १५२०.०० | १२५०.०० | २७०.०० |
| अन्य सेवा शुल्क | ३००००.०० | २७३३३.०० | २६६७.०० |
| विविध कार्याक्रम खर्च | ९००००.०० | ८२७७५.०० | ७२२५.०० |
| भ्रमण खर्च | १५००००.०० | ११८६१४.०० | ३१३८६.०० |
| बिबिध खर्च | ४३०३८०.०० | ४०३८१७.४६ | २६५६२.५४ |
| **जम्मा** | २०,०००००.०० | १७,०१,३७८.९६ | २,९८,६२१.०४ |

गत आ.ब.को बाँकी चालु रकम रु. २,९८,६२१।०४ फ्रिज भएको अवस्था छ ।

यस आ.ब.०७४/७५ को आन्तरिक राजश्वको दर अर्थसम्बन्धी प्रस्तावको अनुसूचीमा उल्लेख गरिएको छ ।

**अव म आगामी आ.व. ०७४/ ७५ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

यस आ.व.मा आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. १४ करोड २२ लाख ५० हजार, सशर्त अनुदान तर्फ रु. ७ करोड ८३ लाख ८६ हजार, आ.व. ०७४/७५ को राजस्व आय प्रक्षेपण रु. १३ लाख ५२ हजार, अघिल्लो आ.ब.को नगद मौज्दात रु. ४९ लाख ९३ हजार २ सय ९२ र ६७ पैसामध्ये रु. २ सय ९२ र ६७ पैसा सञ्चित कोषमा नै राखी **आ.ब. ०७४/७५ को कुल बजेट २२ करोड २९ लाख ८१ हजार** रुपैयाँ रहेको छ ।

त्यसैगरी खर्च तर्फ चालु तर्फ रु.३ करोड ५५ लाख ६२ हजार रुपैयाँ, पुजिँगत तर्फ ११ करोड ३० लाख १३ हजार रुपैँया, र सशर्त तर्फ रु. ७ करोड ४३ लाख ८६ हजार गरी जम्मा खर्च समेत रु. **२२ करोड २९ लाख ८१ हजार** रुपैँया रहेको छ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ माथिबाट नै तय भइ आएको **शसर्त अनुदान** रु.७ करोड ४३ लाख ८६ हजार, जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना/ कार्यक्रम बनाइरहनु परेन ।

नेपाल सरकारद्वारा प्राप्त भएको वित्तीय समानीकरण अर्थात् निशर्त अनुदान र हाम्रो पौवादुङमा गाउँपालिकाको आफ्नो राजस्व आय गरी कुल हुन आउने रु १४ करोड ८५ लाख ९५ हजारमात्र कार्यक्रम बनाउनु पर्ने भएकोमा यस गाउँ कार्यपालिकाको कार्यालय, वडा समितिहरुको कार्यालय र विभिन्न विषयगत कार्यालय समेतको लागि चालु तर्फ जम्मा रु. ३ करोड ५५ लाख ६२ हजार छुट्ट्याइएको छ । जुन वित्तिय समानीकरण र राजस्व आयको कुल रकमको करिब २५% हुन आउँछ । भने पुजिगत तर्फ (बिकास, आयोजना, कार्यक्रम) ११ करोड ३० लाख १३ हजार गरी करिब ७५% छुट्ट्याइएको छ ।

यसरी पुजिगत तर्फ छुट्याइएको रु. ११ करोड ३० लाख १३ हजार मध्ये विषयगत सिलङ र वडागत सिलिङको आधारमा छ वटा वडा समितिको कार्यालयबाट बस्तीस्तर हुँदै सहभागितामुलक तवरले ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तर्गत रु. ६ करोडका विभिन्न विषयक्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ । भने वडा समितिको कार्यालयद्वारा सिफारीस भइ आएका एवम् गाउँ कार्यपालिका, विषयगत शाखा र विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका सामुदायिक हल, खेलमैदान, ठुला सडक आयोजना लगायतका विभिन्न आयोजना कार्यक्रमहरुमा ५ करोड ३२ लाख १३ हजार रुपैया विनियोजन गरिएको छ । पूँजिगत खर्चमा नपुग रकम रु. २ लाख चालु खर्च शिर्षकको अन्य भत्ता शिर्षकबाट खेलमैदानमा शिर्षकमा खर्च गरिनेछ ।

**विषयक्षेत्रगत बजेट**

पुजिगत (बिकास, आयोजना, कार्यक्रम) अन्तर्गत छुट्याइएको रु. ११ करोड ३२ लाख १३ हजार पौवादुङमा गाउँपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

**आर्थिक क्षेत्र**

- आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशु, उद्योग, पर्यटन र सहकारी क्षेत्रसँग सम्बन्धित फरक- फरक कार्यक्रममा गरी जम्मा रु. १ एक करोड २० लाख २७ हजार पाँच सय रकम विनियोजन गरिएको छ ।

**सामाजिक विकास**

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैगिक समानता र समावेशीकरण, आदिवासी जनजाति तथा धार्मिक क्षेत्रका विभिन्न फरक- फरक कार्यक्रमको लागि रु. ३ करोड ३५ लाख ३४ हजार विनियोजन गरिएको छ।

**पुर्वाधार विकास**

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडक, सिँचाई, भवन, उर्जा, सञ्चार, खानेपानी पूर्वाधारका लागि ४ करोड ७९ लाख ७१ हजार २ सय ६९ विनियोजन गरिएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वन तथा भु- संरक्षण, फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन क्षेत्रका लागि रु. २५ लाख बाइस हजार चारसय विनियोजन गरिएको छ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ कार्यालय व्यवस्थापन, सुरक्षा व्यवस्थापन, सूचना प्राविधि लगायतका सामान्य सेवा तर्फ रु. १ करोड २४ लाख २४ हजार आठ सय रुपैयाँ विनियोजन गरिएको छ ।

**पुजिगत सेवा तथा परामर्श**

- विभिन्न आयोजना र कार्यक्रमहरुको लागत अनुमान, सम्भाव्यता अध्ययन, स्रोत पहिचान, सूचना तथा सञ्चार व्यवस्थापन आदि कार्यको लागि प्राविधिक सेवा र सल्लाहको लागि रु. ५२ लाख रूपैंया विनियोजन गरिएको छ।
- वर्तमान संक्रमकालीन अवस्थालाई मध्यनजर गरी आवश्यक परेमा सम्बन्धित शिर्षकबाट नै खर्च गर्ने गरी करि रु. १० लाख भैपरी तथा विविध खर्च आउने पुजिगत शिर्षकमा विनियोजन गरिएको छ। पौवादुङमा गाउँपालिका ६ नं. वडाको आर्थिक वर्ष ०७३/७४ को खर्च नभएको वैंक मौज्दात रकम रु.३ लाख ६६ हजार ९ सय ६९ रुपैयाँ यस आर्थिक वर्षमा अल्या गरी कार्यक्रम तय गरिएको छ ।

श्रीमान् सभाध्यक्ष महोदय

माननीय सभासद ज्यहरु

उपस्थित महानुभावहरु

यसरी आ.ब. ०७४/७५ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने गाउँ सभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, बजेट निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारी ज्युहरु लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद

अनुसुचीहरु संलग्न

## वडागत आयोजनाहरु

### पौवादुङमा गाउँपालिकाको आ ब २०७४।७५ को बिनियोजित बजेट तथा कार्यक्रम

| वडाहरु | योजना तथा कार्यक्रमहरु | विनियोजित रकम रु मा | जम्मा |
|---|---|---|---|
| श्यामशिला १ | १ गाउँघर क्लिनिक भवन निर्माण टोल नं ६ | ३००००० | |
| | २ गाउँघर क्लनिक भवन निर्माण टोल नं ७ | ३००००० | |
| | ३ राधाकृष्ण मा.बि घेराबारा मर्मत | ४००००० | |
| | ४ खाल्टे खोल्सा खानेपानि योजना | १५०००० | |
| | ५ अधेरी खोला खा पा यो टोल नं २ | २००००० | |
| | ६ सरकारी कुलो स्तरोन्नती टोल नं २ | २०००० | |
| | ७ सिंचाई पाईप खरिद टोल नं ८ | ४०००० | |
| | ८ भण्डारि धारा स्तरोन्नती टोल नं ३ | ७०००० | |
| | ९ बाँशोरा खोला खा पा स्तरोन्नती टोल नं ३ | ५०००० | |
| | १० ढाँड खा पा स्तरोन्नती टोल नं ४ | १०००० | |
| | ११ आईतबारे खा पा यो स्तरोन्नती टोल नं ४ | ५०००० | |
| | १२ बाँशोरा खा पा यो मर्मत टोल नं ४ | १०००० | |
| | १३ बाँसघारि धारा निर्माण टोल नं ४ | ३०००० | |
| | १४ ठूलढुङ्गा खानेपानि मर्मत टोल नं ४ | २०००० | |
| | १५ थर्पु धारा निर्माण टोल नं ४ | २५००० | |
| | १६ पैह्रे खानेपानि मर्मत टो नं ५ | ५०००० | |
| | १७ लामा कार्की खानेपानि योजना टोलनं ५ | ४८०००० | |

| | | | |
|---|---|---|---|
| | १८ शिवालय मन्दिरको चर्पि निर्माण टोल नं ५ | ५०००० | |
| | १९ गुने डाँडा खा पा मर्मत टोल नं ७ | ५०००० | |
| | २० जिमसिंहे खापा मर्मत टोल नं ७ | १००००० | |
| | २१ चाँपे खानेपानि मर्मत टोल नं ७ | १५०००० | |
| | २२ चाँपे सामुदायिक भवन घेराबारा टोल नं ७ | ५०००० | |
| | २३ धारा खोला कुवा मर्मत टोल नं ९ | ३५००० | |
| | २४ सादन फेद कुवा मर्मत टोल नं ९ | ३५००० | |
| | २५ कुवा खाम कुवा मर्मत टोल नं ९ | ३५००० | |
| | २६ सरकारी कुलो मर्मत टोल नं ९ | २०००० | |
| | २७ छरछरे खानेपानि योजना मर्मत टोल नं ६ | १५०००० | |
| | २८ सचेतना भवन निर्माण टोल नं ९ | २५०००० | |
| | २९ शुक्रबारे बजार देखि वडा कार्यालय भवन सम्म मोटरबाटो स्तरउन्नति | १५००००० | |
| | ३० वडा कार्यालय भवन माथिल्लो तला छाना निर्माण | ५००००० | |
| | ३१ सींह बालसुधार प्रा बि देखी सल्लेरी सम्म जाने कृषि सडक निर्माण | ४००००० | |
| | ३२ लाकुरे बाट भिरकोट जोड्ने कृषि सडक निर्माण | ६००००० | |
| | ३३ नाम्दा छुलिङ गुम्बा मर्मत टोल नं ४ | ४००००० | |
| | ३४ बुद्ध छोटि छोलिङ गुम्बा मर्मत टोल नं ७ | २००००० | |
| | ३५ ग्याछोटि छोलिङ गुम्बा स्टोर कोठा मर्मत टोल नं ७ सिक्रे | ५०००० | |
| | ३६ मुड्के आहाल चौतारा देखि खेसाङ खोला जोड्ने सडक स्तरउन्नति टोल नं ८ | ८००००० | |
| | ३७ वडा कार्यालय देखि भिरकोट स्कुल सम्म जोड्ने सडक स्तरउन्नति टोल नं ९ | ३००००० | |
| | ३८ स्वास्थ्य चौकि मर्मत तथा भुई ढलान | २००००० | |
| | ३९ शिवालय देखि गुम्वा सम्म जाने सडक निर्माण टोलनं ५ | ३५०००० | |
| | ४० बिपद तथा भैपरि आउँने कोष खडा | १००००० | |
| | ४१ कृषि सम्बन्धि क्याम्पिन सञ्चालन | १८००० | |
| | ४३ पशुपालन फर्म स्तरोन्नती र कृषि कार्यक्रम | १९०००० | |
| | ४४ पशु सेवा केन्द्र (ख) लाई सामाग्रि खरिद | | |
| | क माईक्रोस्कोप खरिद १ थान | २५००० | |
| | ख कोल्ड बक्स खरिद १ थान | ७५०० | |
| | ग औषधि खरिद | २०००० | |
| | ४५ सिमलबोटे खोल्सा कुलो पाईप खरिद टोल नं ४ | ३०००० | |
| | ४६ फोहोरमैला ब्यवस्थापन | ७८००० | |
| | ४७ जनकल्याण प्रा बि कोठा प्लाष्टर टोल नं १ | ५०००० | |
| | ४८ जनकल्याण प्रा बि खेल मैदान सम्याउने टोल नं १ | २००००० | |
| | ४९ महिला स्वयंसेबिका प्रोत्साहन भत्ता | ४५००० | कन्टेन्जेन्सी |
| | ५० युथस्टार लामिडाँडा क्लब वेवसाईट सन्चालन | २०००० | |
| | ५१ सिंह बालसुधार प्रा बि घेराबारा | ३०००० | |
| | ५२ दलित विकास कार्यक्रम | २५००० | |
| | ५३ महिला विकास कार्यक्रम | १००००० | |
| | ५४ बालबालिका क्षमता बिकास कार्यक्रम | ११७००० | |
| | ५५ सहकारी संस्था फर्निचर खरिद | ४०००० | |

| | | | |
|---|---|---|---|
| | ५६ कम्प्युटर डेस्कटप थान १ | ६०००० | |
| | ५७ ल्यापटप थान १ | ६५००० | |
| | ५८ वाईफाई नेट जडान | ३०००० | |
| | ५९ प्लाष्टिक कुर्षि राम्रो ४० थान | ३७००० | |
| | ६० टी टेवल रेडिमेट २ थान | ९००० | |
| | ६१ कम्प्युटर टेवल थान १ | ८००० | |
| | ६२ सादा टेवल थान २ | ८००० | |
| | ६३ कार्पेट राम्रो | ३०००० | |
| | ६४ अन्य बिबिध खर्च | ११०००० | |
| | ६५ सार्बजनिक सुनुवाई | ५०००० | |
| | ६६ अपाङ्ग तथा बिपन्न कार्यक्रम | ५३००० | |
| | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | १४५०० | |
| | **जम्मा रकम रु** | **१०००००००** | |

**पौवादुङमा गाउँपालिकाको आ ब २०७४।७५ को बिनियोजित कार्यक्रम**

| वडा | योजना तथा कार्यक्रमहरु | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| वडा न २ ति भ | १ ताकमारे धारा मर्मत सुधार | २००००० | |
| | २ भिरखर्क खानेपानि योजना मर्मत सुधार पाईप बिस्तार नेवार टोल र सुतार टोल | १२५००० | |
| | ३ इलाका हुलाक भवनको काउन्टर निर्माण, स्तरोन्नती, विद्युतिकरण | ७०००० | |
| | ४ महिला बिकास कार्यक्रम | १५०००० | |
| | ५ जनजाति बिकास कार्यक्रम | ५०००० | |
| | ६ प्रगतिशिल कृषि सहकारी संस्था लि कृषि कार्यक्रम | ३००००० | |
| | ७ छ्याङ्ग्री मन्दिर पौवा निर्माण स्तरोन्नती | १००००० | |
| | ८ पशुपति मन्दिर घेराबारा प्लाष्टर | ५०००० | |
| | ९ सिमलबोटे धारा हुदै दलेखण्ड बाँसबारे कुलो पाईप खरिद | १००००० | |
| | १० सिंहदेवि स्वावलम्बन कृषक समूह पाईप खरिद | १००००० | |
| | ११ खेलकुद कार्यक्रम | ५०००० | |
| | १२ तिवारिभन्ज्याङ मा बि ढलान प्लाष्टर मन्दिर, स्टेज, पर्खाल निर्माण | ४००००० | |
| | १३ जलकन्या प्रा बि खानेपानि | ५५००० | |
| | १४ सिंहजलेश्वरी आधारभूत विद्यालय फर्निचर | १००००० | |
| | १५ चौडिलो खेसाङ खोला वडा नं १,२,३ कृषि सडक निर्माण | ८००००० | |
| | १६ तिवारिभन्ज्याङ ठोट्ने कृषि सडक निर्माण | १०००००० | |
| | १७ चन्द्र कोईराला र तिवारिभन्ज्याङ मा बि मा मुख रहने गरि १, २,३ जोड्ने कृषि सडक निर्माण | १००००० | |
| | १८ थर्पु देखि छिछिरेङ रातमाटे श्यामशिला सिमान कृषि सडक निर्माण | ४५०००० | |
| | १९ सुनडाँडा थर्पू ,पाक्चिखोङ कृषि सडक निर्माण | २००००० | |
| | २० हिलेभन्ज्याङ बागखोर कृषि सडक निर्माण | ३२५००० | |
| | २१ आहालडाँडा देखि सामुदायिक भवन कृषि सडक सर्बे | ६०००० | |
| | २२ सामुदायिक भवन हाम्फाला नाम्चे कृषि सडक सर्बे | ७५००० | |
| | २३ कोटगढी छोकिमाला सोसेटाहार सडक सर्बे | ७५००० | |

| | | | |
|---|---|---|---|
| | २४ तिवारिभन्ज्याङ उपशाखा ट्याङ्कीबाट माथिल्लो बजार पाईप बिस्तार | १५००० | |
| | २५ सुनडाँडा देविधारा बरधारा कृषि सडक स्तरोन्नती | ५०००० | |
| | २६ कोलबोटे खानेपानि योजना टोल नं ८ स्तरोन्नती | ५०००० | |
| | २७ बगलेधारा खानेपानि मुहान सरक्षण टोल नं ५ | ५०००० | |
| | २८ कोटगढी खानेपानि ट्याङ्की निर्माण | ६०००० | |
| | २९ पिपल टाहार धारा मर्मत | ३०००० | |
| | ३० धारा गैरा खानेपानि योजना ट्याङ्की निर्माण | १५०००० | |
| | ३१ आहालडाँडा खानेपानि योजना पाईप बिस्तार | ७०००० | |
| | ३२ टोल नं ७,४ स्थित पाखाटोल मुल लिफ्टिङ र ट्याङ्की निर्माण | १५०००० | |
| | ३३ चौडिलो ट्याङ्की निर्माण र पाईप बिस्तार द्वारे टोल ,भण्डारि टोल ,कामि टोल, दर्जी टोल, | २५०००० | |
| | ३४ सिलौटी ढुङ्गा ईन्टेक निर्माण र पाईप बिस्तार | १५०००० | |
| | ३५ टोल नं ७ आचार्य टोल बाँसबोटे खानेपानि | ६०००० | |
| | ३६ जुकेभल ईन्टेक र पाईप खरिद टोल नं १ | ६०००० | |
| | ३७ दमाईधारा मुहान संरक्षण | ३५००० | |
| | ३८ ठूलढुङ्गे खापा योजना माथिल्लो | २००००० | |
| | ३९ ठूलढुङ्गे खापा योजना तल्लो | २००००० | |
| पौवादुङमा २ तिवारी भन्ज्याङ | ४० मन्चुराङ पाखा मुल खा पा योजना | ६०००० | |
| | ४१ हाम्फाला खानेपानि स्किम नं २ बोहोरागाउँ ,माङ्खुङ खा पा योजना | ७५००० | |
| | ४२ बोजेपानि खानेपानि योजना | ३००००० | |
| | ४३ सानोदुम्मा ठुलोदुम्मा खाने पानी योजना | ५०००० | |
| | ४४ तिवारिभन्ज्याङ मा बि स्तरउन्नति | ४००००० | |
| | ४५ गाउँघर क्लिनिक भवन निर्माण २ वटा | ६००००० | |
| | ४६ सामाजिक परिचालन र स्वयंसेविका प्रोत्साहन | १७०४०० | कन्टेन्जेन्सी |
| | ४७ मोटरसाईकल खरिद | २५०००० | |
| | ४८ डेस्कटप र ल्यापटप खरिद | ११०००० | |
| | ४९ फोटोकपि मेसिन खरिद | २५००० | |
| | ५० वडा कार्याल भौतिक मर्मत सुधार र ब्यवस्थापन | १७१००० | |
| | ५१ आहाल डाँडा तल्लो बजार चौक सडक निर्माण | १००००० | |
| | ५२ बर्थिङ सेन्टर भवन निर्माण घडेरि सम्याउने काम | २२०००० | |
| | ५३ सार्बजनिक सुनुवाई | ५०००० | |
| | ५४ सामुदायिक सेवाकेन्द्र उपशाखा तिवारिभन्ज्याङ ब्यवस्थापन | १८६०० | |
| | ५५ अपाङ्ग बिकास कार्यक्रम | ५०००० | |
| | ५६ बालबालिका कार्यक्रम | १००००० | |
| | ५८ यूथस्टार लामिडाँडा | १५००० | |
| | ५९ किराँत दुङमालि भाषा संस्कृति संरक्षण मन्च भवन निर्माण | ८०००० | |
| | ६० जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० | |
| | ६१ दलित बिकास कार्यक्रम | ५०००० | |
| | ६२ दैबि प्रकोप तथा बिपद ब्यवस्थापन | १००००० | |
| | ६३ तिवारि भन्ज्याङ लसुने मुलबाटो स्तरउन्नति | १५०००० | |
| | ६४ फोहोरमैला ब्यवस्थापन बजार ब्यवस्थापन | २५०००० | |

| | | | |
|---|---|---|---|
| | स्वास्थ्य सामाग्री खरिद | ४०००० | |
| | | १००००००० | |

| वडा | योजना तथा कार्यक्रमहरु | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| पौवादुङमा गा पा ३ | १ अपाङ्ग बिकास कार्यक्रम | ३५००० | |
| | २ युवा लक्षित कार्यक्रम वडा स्तरमा | १२०००० | |
| | ३ जनजाति बिकास कार्यक्रम | १२०००० | |
| | ४ अल्पसंख्यक बिकास कार्यक्रम | ५०००० | |
| | ५ दलित बिकास कार्यक्रम | ३०००० | |
| | ६ औलिया खानेपानि ब्यवस्थापन पाईप खरिद | १६०००० | |
| | ७ माकीडाडा सामुदायिक भवन मर्मत र आँगन निर्माण | ५०००० | |
| | ८ झारेलि खानेपानि मुहान मर्मत र ईन्टेक निर्माण | १००००० | |
| | ९ डडुवा खड्का गाउँ खानेपानि ब्यवस्थापन पाईप खरिद | १५००० | |
| | १० माथिल्लो चाम्ताङ कुवा मर्मत | ८०००० | |
| | ११ पश्चकन्या मा बि मा शिक्षाको गुणस्तरका लागी | ६००००० | |
| | १२ औलिया तौलिया प्रा बि पर्खालि निर्माण स्तरउन्नति | ५०००० | |
| | १३ यूथ स्टार अनलाईन मिडिया | १००००० | |
| | १४ खेलकुद सामाग्रि खरिद वडा स्तरमा | ७५००० | |
| | १५ बिबेकशिल बालक्लब पुस्तकालय ब्यवस्थापन | ४०००० | |
| | १६ सिंहदेबि मन्दिर निर्माण | ५०००० | |
| | १७ ओख्रे खानेपानि निर्माण मर्मत र पाईप खरिद सानोप्याक्ला | २००००० | |
| | १९ पाटीखोला देखि धोक्रेडाँडा सम्म कृषि सडक स्तरउन्नति ठूलोप्याक्ला | ३३०००० | |
| | २० फुल्थुँगा देखि कालिखोला सम्म कृषि सडक सर्बे निर्माण ठूलोप्याक्ला | ५०००० | |
| | २१ गोसेथान तामाङटोल खानेपानि पाईप खरिद | १७५००० | |
| | २२ वडा कार्यालय भवन मर्मत | १००००० | |
| | २३ पूर्ण सरसफाई वडा घोषणा कार्यक्रम | ४५००० | |
| | २४ महिला स्वास्थ्य स्वयंसेबिका प्रोत्साहन भत्ता | ९०००० | कन्टेन्जेन्सी |
| | २५ महिला क्षमता बिकास कार्यक्रम | ११०००० | |
| | २६ खानेपानि ब्यवसथापन गर्नका लागि वडाभरी | ७००००० | |
| | २७ बिद्युत पोल ढुवानि | ५३००० | |
| | २८ चाम्ताङ देखि माम्ताङ सम्म कृषि सडक स्तरउन्नति र निर्माण | १०००००० | |
| | २९ च्याङ्ग्रे देखि सानोप्याक्ला हुदै याकु जोड्ने कृषि सडक सर्बे निर्माण तथा स्तरउन्नति | ४५०००० | |
| | ३० नवज्योति प्रा बि खेलमैदान सानोप्याक्ला | १००००० | |
| | ३१ रिजालबारि हुदै हुलाके कृषि सडक स्तरउन्नति | ३००००० | |
